# माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ र १०)
# नेपाली

### १. परिचय

नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हो । शैक्षणिक क्रियाकलाप, सामाजिक सांस्कृतिक व्यवहार, अन्तरभाषिक व्यवहार, सञ्चार, प्रशासन, प्रविधि तथा मौखिक र लिखित व्यवहारको प्रमुख माध्यम नेपाली भाषा रहिआएको छ । विश्वका विभिन्न देशमा छरिएर रहेका नेपाली तथा नेपाली मूलका भाषाभाषी पनि यही भाषा प्रयोग गर्छन् । यसका प्रयोगका क्षेत्रहरूमा पनि व्यापक वृद्धि भएको छ । नेपाली भाषाको प्रयोग दोस्रो भाषाका रूपमा समेत हुँदै आएको छ र दोस्रो भाषाका रूपमा यसको शिक्षणको महत्त्व बढ्दै गएको छ । नेपाली भाषाका माध्यमबाट विद्यार्थीहरूमा सिकाइ सक्षमता अभिवृद्धि गर्नु तथा मौखिक र लिखित रूपमा यसको सम्प्रेषण क्षमताको विकास गर्नु आवश्यक छ । विद्यालय तहमा नेपाली भाषा शिक्षणको उद्देश्य विद्यार्थीको भाषिक दक्षता अभिवृद्धि गर्नुका साथै अन्य विषयको पठनपाठनको माध्यमलाई सहयोग गरी बोध तथा अभिव्यक्ति पक्षको विकास गर्नु रहेको छ ।

नेपाली भाषाको यो पाठ्यक्रम भाषिक सिपगत सक्षमतामा आधारित छ । यसमा सक्षमतालाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपगत सक्षमतामा वितरण गरिएको छ । नेपाली भाषाका माध्यमबाट नेपाली समाजको आर्थिक, सामाजिक र सांस्कृतिक बहुलताको सम्मान गर्ने लक्ष्य यस पाठ्यक्रमले राखेको छ । यस लक्ष्यलाई प्राप्त गर्नका लागि पाठ्यवस्तुलाई संयोजन गरिएको छ र यसका लागि सिप र विधाहरूको क्रमलाई व्यवस्थापन गरिएको छ । यसमा निर्धारित सक्षमता हासिल गर्न भाषिक सिपहरू राखिएका छन् । सिप विकासका साधनका रूपमा विधाहरू राखिएका छन् । विधाको प्रकृतिका आधारमा उपयुक्त भाषातत्त्वको संयोजन गरिएको ।

नेपाली भाषाको पाठ्यक्रमलाई व्यावहारिक बनाउन तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनलाई समेटिएको छ । यस पाठ्यक्रममा नेपाली भाषा शिक्षणलाई समयसापेक्ष बनाउन विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा स्वरूपलाई विशेष ध्यान दिइएको छ । यसका आधारमा विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटिएको छ । यसका लागि सिकाइ सबलता, सिकाइको स्तर र त्यसको कार्यान्वनका रूपमा सिकाइ सक्षमतालाई विशिष्टीकरण गरी सिकाइ उपलब्धिका रूपमा राखिएको छ । यस पाठ्यक्रममा सिकाइ उपलब्धिको स्तरण तथा आधारभूत तह र माथिल्ला कक्षासँगको लम्बीय सन्तुलनसमेतका आधारमा विषयवस्तुको क्षेत्र र क्रम निर्धारण गरिएको छ । यसका साथै विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया, भाषिक सिप र शैलीका माध्यमबाट निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

### २. तहगत सक्षमता

माध्यमिक शिक्षा (कक्षा ९ र १०) नेपाली विषयको अध्ययनपश्चात् विद्यार्थीमा निम्नलिखित सक्षमता हासिल हुने छन् :

१. देखेका, सुनेका, पढेका, सिकेका र अनुभव गरेका विषयवस्तुको मौखिक र लिखित अभिव्यक्ति
२. मौखिक, लिखित एवम् सञ्चार माध्यमबाट प्रसारण हुने विषयवस्तुको बोध र अभिव्यक्ति
३. पाठगत सन्दर्भको पहिचान तथा घटना, चरित्र र परिवेशको बोध र प्रस्तुति
४. सामाजिक, सांस्कृतिक तथा व्यावहारिक अभिव्यक्तिमा आधारित लेखन
५. अन्तरभाषिक र सांस्कृतिक मूल्यप्रति सचेततापूर्ण भाषिक व्यवहार प्रदर्शन
६. खोज र परियोजनालाई प्रस्तुत गर्ने भाषिक क्षमता विकास
७. प्रयोजन र परिवेशअनुसार भाषाको प्रयोग
८. नेपाली भाषाको व्यावहारिक विशेषताको पहिचान र स्तरीय रूपको प्रयोग
९. भाषिक कार्य सम्पादनमा कल्पनात्मक, अनुमानात्मक, तार्किक, अन्तरक्रियात्मक, सिर्जनात्मक र समालोचनात्मक सिपको उपयोग

३. कक्षागत सिकाइ उपलब्धि

| क्र.स | सिप | सिकाइ उपलब्धि | |
|---|---|---|---|
| | | कक्षा ९ | कक्षा १० |
| १. | सुनाइ र बोलाइ | १. स्वर र व्यञ्जन वर्णहरू पहिल्याई शब्दको शुद्ध र स्पष्ट उच्चारण गर्न<br>२. देखेका, सुनेका, पढेका र अनुभव गरेका विषयमा सिलसिला मिलाई<br>मौखिक वर्णन गर्न<br>३. अरूले भनेका कुरा ध्यानपूर्वक सुनेर शिष्ट भाषामा प्रतिक्रिया व्यक्त गर्न<br>४. सञ्चार माध्यमबाट प्रसारित विभिन्न सामग्री सुनी/हेरी मौखिक प्रतिक्रिया व्यक्त गर्न<br>६. पाठमा प्रयुक्त शीर्षक, घटना, परिवेश, चरित्र, भावका बारेमा छलफल र<br>प्रश्नोत्तर गर्न<br>७. मातृभाषाको सन्दर्भ ख्याल गरी विभिन्न नेपाली शब्दको शुद्ध उच्चारण गर्न<br>८. उद्घोषण, समाचार वाचन, वक्तृता, संवाद, छलफलमा सक्रियतापूर्वक<br>सहभागी भई शिष्ट भाषाशैलीमा प्रस्तुति दिन र प्रस्तुत भएका विचारहरू पहिचान गरी प्रतिक्रिया दिन<br>९. श्रोताहरूको अवस्था, सामाजिक, सांस्कृतिक परिवेशअनुसार प्रस्तुतिको<br>योजना बनाई विचार प्रस्तुत गर्न<br>१०. गति, यति, लय, अभिनय तथा बोलाइमा विषयवस्तुको सन्दर्भ ख्याल गरी मौखिक अभिव्यक्ति दिन उत्तर पहिचान गर्न<br>११. पाठ सुनी त्यसका आधारमा प्रश्न निर्माण गर्न<br>१२. आफूले भन्न चाहेका विषयवस्तुलाई समाज, समुदाय, सभा, गोष्ठी र | १. स्वर र व्यञ्जन वर्णहरूका विशिष्ट स्वरूप पहिल्याउन र तिनको उच्चारणगत भिन्नता पहिचान गरी शुद्ध र स्पष्ट उच्चारण गर्न<br>२. देखेका, सुनेका, पढेका र अनुभव गरेका विषयमा सिलसिला मिलाई सरल भाषामा सबैले बुझ्ने गरी मौखिक वर्णन गर्न<br>३. अरूले भनेका कुरा ध्यानपूर्वक सुन्न र पूर्णबोधसहित शिष्ट भाषामा प्रतिक्रिया व्यक्त गर्न<br>४. सञ्चार माध्यमबाट प्रसारित विभिन्न सामग्री सुनी/हेरी मौलिक विचारसहित मौखिक<br>प्रतिक्रिया व्यक्त गर्न<br>५. विधागत प्रकृतिका आधारमा पाठ सुन्न र त्यसको संरचना पहिचान गर्न<br>६. पाठमा प्रयुक्त शीर्षक, घटना, परिवेश, चरित्र, भावका बारेमा तर्कसहित छलफल र प्रश्नोत्तर गर्न<br>७. मातृभाषाको सन्दर्भ बोध गरी विभिन्न नेपाली शब्दको शुद्ध उच्चारण गर्न<br>८. उद्घोषण, समाचार वाचन, वक्तृता, संवाद, छलफलमा सक्रियतापूर्वक सहभागी भई<br>उपयुक्त हाउभाउसहित शिष्ट भाषाशैलीमा तार्किक र विश्लेषणात्मक प्रस्तुति दिन<br>९. श्रोताहरूको अवस्था, सामाजिक, सांस्कृतिक परिवेशअनुसार प्रस्तुतिको योजना तथा<br>परिवेशअनुसार प्रभावकारी शैलीमा विचार प्रस्तुत गर्न<br>१०. गति, लय र भाव ख्याल गरी शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न तथा विषयवस्तुको सन्दर्भ ख्याल गरी मौखिक अभिव्यक्ति दिन<br>११. पाठ सुनी त्यसका आधारमा प्रश्न निर्माण गरी उपयुक्त उत्तर पहिचान गर्न<br>१२. आफूले भन्न चाहेका विषयवस्तुलाई समाज, समुदाय, सभा, गोष्ठी |

| | | | |
|---|---|---|---|
| | | सम्मेलनमा औपचारिक रूपमा शिष्टतापूर्वक अभिव्यक्ति दिन<br>१३. गति, लय र भाव ख्याल गरी शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न तथा शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>१४. मौखिक अभिव्यक्तिका क्रममा सन्दर्भअनुसार उखान, टुक्का, युक्ति,<br>निपात र अनुकरणात्मक शब्द र पारिभाषिक शब्द प्रयोग गर्न<br>१५.विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तिको व्यक्तिवृत्त वर्णन गर्न<br>१६. व्यक्ति, सन्दर्भ र परिवेशअनुरूप प्रत्यक्ष/प्रविधिमा दोहोरो सञ्चार गर्न<br>१७. विभिन्न माध्यमबाट कथा, कविता जस्ता सामग्री सङ्कलन गरी सुनाउन<br>१८. पाठमा प्रयुक्त शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>१९. भाषाको प्रयोजनपरक भेदका आधारमा प्रतिक्रिया गर्न सक्ने गरी अर्थबोध गर्न<br>२०. पाठ तथा प्रस्तुति सुनी आफ्नै शब्दमा मुख्य मुख्य विषयवस्तु भन्न<br>२१. विषयवस्तु, घटना, समाचार र कार्यक्रम सुनेर धारणा निर्माण, तर्क,<br>अनुमान र तुलना गर्न<br>२२. समूह छलफलमा सहभागी भई तार्किक विचार प्रस्तुत गर्न<br>२३. दैनिक जीवनका घटना तथा सामाजिक, सांस्कृतिक र प्राकृतिक<br>परिवेशको मौखिक वर्णन गर्न | र सम्मेलनमा<br>औपचारिकतासहित शिष्टतापूर्वक तार्किक र विश्लेषणात्मक अभिव्यक्ति दिन<br>१३. गति, यति, लय, अभिनय तथा बोलाइ पाठको अभिप्राय ख्याल गरी सन्दर्भ मिलाएर<br>मौखिक अभिव्यक्ति गर्न<br>१४. प्रसङ्ग, सन्दर्भअनुसार उखान, टुक्का, युक्ति र अनुकरणात्मक शब्द, पारिभाषिक<br>शब्द प्रयोग गर्न<br>१५. विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तिको प्रभावकारी रूपमा व्यक्तिवृत्त वर्णन गर्न<br>१६. साहित्यिक विधाका पाठ, कार्यक्रम र अन्य प्रस्तुति सुनी सन्दर्भ र परिवेशअनुरूप<br>दोहोरो सञ्चार गर्न<br>१७. विभिन्न माध्यमबाट स्तरअनुसारका कथा, कविता जस्ता सामग्री सङ्कलन गरी तिनलाई सामाजिक सन्देशसहित प्रभावकारी रूपमा प्रस्तुत गर्न<br>१८.पाठमा प्रयुक्त शब्दको अर्थबोध गरी अर्थ खुल्ने गरी वाक्य रचना गर्न<br>१९.सामाजिक र सांस्कृतिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था, अभिवृद्धि र संवेग तथा<br>भाषाको प्रयोजनपरक भेदका आधारमा अर्थबोध गर्न सक्ने गरी प्रतिक्रिया दिन<br>२०. पाठ सुनेर तार्किक र समीक्षात्मक प्रतिक्रिया व्यक्त गर्न<br>२१. विषयवस्तु, घटना, समाचार र कार्यक्रम सुनेर धारणा निर्माण, तर्क,<br>अनुमान र तुलना गरी प्रस्तुति दिन<br>२२.समूह छलफलमा सहभागी भई तार्किक र समाधानमुखी विचार प्रस्तुत गर्न<br>२३. दैनिक जीवनका घटना तथा सामाजिक, सांस्कृतिक र प्राकृतिक<br>परिवेशको प्रभावकारी रूपमा मौखिक वर्णन गर्न |

| | | | |
|---|---|---|---|
| २. | पढाइ | १. लिखित सामग्रीलाई गति, यति, लय र हाउभाउ मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न<br>२. लिखित सामग्रीलाई सन्दर्भ र संवेग मिलाई पढ्न<br>३. पढाइको गति विकास गर्ने गरी मौन पठन गर्न<br>४. विधागत पाठमा प्रयुक्त विशिष्ट अंश पहिचान गरी भावबोध गर्न सक्ने गरी पढ्न<br>५.पाठको शीर्षक, संरचना, परिवेश, उद्देश्य तथा विषयवस्तुको अभिप्राय पहिल्याउन सक्ने गरी पढ्न<br>६. निर्धारित पाठ पढी सन्दर्भ र परिवेशमा आधारित भई प्रश्नोत्तर गर्न<br>७. पाठ पढी विषयवस्तुको सन्देश बोध गर्न<br>८. मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढी विषयवस्तु बोध गर्न<br>९.पाठ पढी विषयवस्तुको व्याख्या र विश्लेषण गर्न<br>१०. व्यावहारिक लेखनका विषयवस्तु र ढाँचा बोध गर्न<br>११. पाठमा प्रयुक्त भावनात्मक र तार्किक पक्षको पहिचान गर्न सक्ने गरी<br>पढ्न<br>१२. पाठ पढी शब्दभण्डार वृद्धि गर्न<br>१३. लिखित सामग्रीको सन्दर्भ र उद्देश्य बोध गर्ने गरी पढ्न<br>१४. लेख्य चिह्न, हिज्जे र सङ्केतका आधारमा शुद्धसँग पढ्न<br>१५. साहित्यिक विधाका पाठमा व्यक्त भएका सामाजिक र सांस्कृतिक सन्दर्भका बारेमा प्रतिक्रिया दिन सक्ने गरी पढ्न<br>१६. अनुमान, निष्कर्ष, सारांश, सन्देश र संश्लेषणको प्रयोजन व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्न<br>१७. सञ्चार माध्यमका समाचार/विचार बोध गर्न सक्ने गरी पढ्न<br>१८. पाठमा प्रस्तुत मुख्य घटनालाई क्रम मिलाई अभिव्यक्त | १. लिखित सामग्रीलाई गति, यति, लय र हाउभाउ मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न<br>२. निर्धारित समयमा लिखित सामग्रीलाई सन्दर्भ र भावअनुसार गति मिलाई पढ्न<br>३. पढाइको गति विकास गर्ने गरी द्रुत र मौन पठन गर्न<br>४. पाठमा प्रयुक्त विशिष्ट अंश पहिचान गरी व्याख्या र विश्लेषण गर्न सक्ने गरी पढ्न<br>५. पाठको शीर्षक, संरचना, परिवेश, उद्देश्य, सूचना तथा विषयको अभिप्राय पहिल्याउँदै तिनका बारेमा समीक्षात्मक विचार दिन सक्ने गरी पढ्न<br>६. निर्धारित पाठ पढी सन्दर्भ र परिवेशमा आधारित भई प्रश्नोत्तर गर्न<br>७. पाठको उद्देश्य पहिचान गर्ने गरी पढ्न<br>८. मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढी विषयवस्तु र आशय बोध गर्न<br>९. पाठ पढी विषयवस्तुको व्याख्या, विश्लेषण र समीक्षा गर्न<br>१०. व्यावहारिक लेखनका विषयवस्तु र ढाँचा बोध गरी तिनका व्यावहारिक प्रयोजनको बोध गर्न<br>११. पाठमा प्रयुक्त बौद्धिक, भावनात्मक, तार्किक पक्षको पहिचान गर्न सक्ने गरी पढ्न<br>१२. प्रयोजनअनुसार प्रस्तुत भएका पाठ पढी शब्द भण्डार वृद्धि गर्न<br>१३. लिखित सामग्रीको प्रयोजन र सन्दर्भ पहिचान गर्न सक्ने गरी पढ्न<br>१४. हिज्जे र लेख्य चिह्नका सङ्केतका आधारमा शुद्धसँग पढ्न<br>१५.साहित्यिक विधाका पाठमा व्यक्त भएका सामाजिक तथा सांस्कृतिक सन्दर्भका बारेमा विश्लेषणात्मक प्रतिक्रिया दिन सक्ने गरी पढ्न<br>१६. अनुमान, निष्कर्ष, सारांश, सन्देश र संश्लेषणको प्रयोजन व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्न<br>१७. सञ्चार माध्यमका समाचार/विचार बोध गरी तिनको सार सम्प्रेषण गर्न सक्ने गरी पढ्न<br>१८. पाठमा प्रस्तुत मुख्य घटनालाई क्रम मिलाई अभिव्यक्त गर्न सक्ने गरी पढ्न |

| | | | |
|---|---|---|---|
| | | गर्न सक्ने गरी पढ्न<br>१९. तार्किक सोचको निर्माण गर्ने गरी विभिन्न प्रकारका लिखित सामग्री पढ्न | १९. विश्लेषणात्मक तथा समालोचनात्मक सोचको निर्माण गर्ने गरी विभिन्न प्रकारका लिखित सामग्री पढ्न<br>२०. पाठमा प्रयुक्त विशिष्ट प्रकारका गणितीय तथा तिथिमितियुक्त सूचना पत्ता लगाई तिनको तालिकीकरण गर्न सक्ने गरी पढ्न |
| ३. | लेखाइ | १. वर्णविन्यास र लेख्य चिह्न मिलाई स्पष्टसँग लेख्न<br>२. वाक्य सङ्गति मिलाई शुद्धसँग लेख्न<br>३. पदवर्ग, काल, पक्ष, भाव, कारक र विभक्ति पहिचान र प्रयोग गरी लेख्न<br>४. वाक्य, करण अकरण, वाच्य, प्रेरणार्थक र व्याकरणिक कोटीका आधारमा वाक्य रूपान्तरण गरी लेख्न<br>५. विभिन्न प्रकारका तथ्य सङ्कलन गरी सूचनात्मक लेखन गर्न<br>६. पाठमा आधारित भई प्रश्नोत्तर गर्न<br>७. पाठको श्रुतिलेखन र अनुलेखन गर्न<br>८. पाठका आधारमा विषयवस्तुको वर्णन, समीक्षा र विश्लेषण गर्न<br>९. कुनै पनि विषय शीर्षकमा अर्थपूर्ण, क्रमबद्ध तथा प्रभावकारी रूपमा अनुच्छेद रचना गर्न<br>१०. देखेका, सुनेका, पढेका र अनुभव गरेका घटना र परिवेशका बारेमा<br>सिलसिला मिलाई वर्णन गर्न<br>११. सूचना तथा सन्देशमूलक विषयवस्तुका बारेमा प्रतिक्रिया र प्रत्युत्तर लेख्न<br>१२.कवितालाई व्याकरणिक पदक्रमअनुसार रूपान्तरण गरी लेख्न<br>१३. पाठ पढेर मुख्य मुख्य विषयवस्तु टिपोट गर्न र सारांश लेख्न<br>१४. दैनिक व्यवहारमा प्रयोग हुने निवेदन, चिठी, निमन्त्रणा, शुभकामना, बधाई तथा समवेदना तयार पार्न र विद्युतीय पत्र लेख्न | १. वर्णविन्यास र लेख्य चिह्न मिलाई स्पष्टसँग लेख्न<br>२. वाक्य सङ्गति मिलाई शुद्धसँग लेख्न<br>३. पदवर्ग, काल, पक्ष, भाव, कारक र विभक्ति पहिचान र प्रयोग गरी लेख्न<br>४. वाक्य, करण अकरण, कथन, वाच्य, प्रेरणार्थक र व्याकरणिक कोटीका आधारमा वाक्य रूपान्तरण गरी लेख्न<br>५. विभिन्न प्रकारका सूचना सङ्कलन गरी संश्लेषणात्मक लेखन गर्न<br>६. पाठमा आधारित भई तार्किक र मौलिक प्रश्नोत्तर गर्न<br>७. भनेका कुरा राम्रोसँग सुनी पाठको श्रुतिलेखन गर्न र पाठको अनुलेखन गर्न<br>८. साहित्यिक विधा र पाठहरूको व्याख्या, विश्लेषण, सार र समीक्षा गर्न<br>९. कुनै पनि विषय शीर्षकमा अर्थपूर्ण र क्रमबद्ध रूपमा मौलिक अनुच्छेद रचना गर्न<br>१०. देखेका, सुनेका, पढेका र अनुभव गरेका घटना र परिवेशका बारेमा सिलसिला मिलाएर<br>तर्कसहित प्रभावकारी रूपमा वर्णन गर्न<br>११. उद्देश्यमूलक सूचना र विषयवस्तुका बारेमा प्रतिक्रिया व्यक्त गर्न, अभिलेख राख्न,<br>वर्णन गर्न, विश्लेषण गर्न<br>१२. कवितालाई व्याकरणिक पदक्रमअनुसार रूपान्तरण गरी लेख्न<br>१३. पाठ पढेर मुख्य मुख्य बुँदा टिपोट गरी सारांश लेख्न<br>१४. दैनिक व्यवहारमा प्रयोग हुने निवेदन, चिठी, सम्पादकलाई चिठी, विज्ञापन, समाचार, बधाई तथा समवेदना, शुभकामना, सूचना तयार पार्न, फाराम भर्न र विद्युतीय पत्र लेख्न |

| | | | |
|---|---|---|---|
| | | १५. उपयुक्त ढाँचा र शैलीमा टिप्पणी, वक्तृता, संवाद र वादविवाद लेख्न<br>१६. विभिन्न प्रयोजनपरक क्षेत्रका शब्द तथा प्रचलित उखान, टुक्काको सन्दर्भअनुसार अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न<br>१७. लिखित अभिव्यक्तिका क्रममा भाषिक संरचनाका आधारभूत पक्ष ख्याल गरी लेख्न<br>१८. विभिन्न विधा तथा पाठमा आधारित भई लिखित रूपमा निर्देशित, स्वतन्त्र र सिर्जनात्मक लेखन गर्न<br>१९. सन्दर्भ पुस्तक पढेर समीक्षा गर्न<br>२०. लिखित सामग्रीलाई सम्पादन र पुनः सम्पादन गरी लेख्न<br>२१. विभिन्न विषयमा विवरणात्मक, वर्णनात्मक, तार्किक, विश्लेषणात्मक र समीक्षात्मक अभिव्यक्ति दिन | १५.व्यक्तिवृत्त, अनुकरणात्मक जीवनी, यात्रा संस्मरण, वादविवाद, संवाद टिप्पणी र मनोवाद लेख्न<br>१६. विभिन्न प्रयोजनपरक क्षेत्रका शब्द तथा प्रचलित उखान टुक्काको सन्दर्भअनुसार अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न<br>१७. लिखित अभिव्यक्तिका क्रममा भाषिक संरचनाका आधारभूत पक्ष ख्याल गरी लेख्न<br>१८. विभिन्न विधा तथा भाषिक पाठमा आधारित भई लिखित रूपमा निर्देशित, स्वतन्त्र र सिर्जनात्मक लेखन गर्न<br>१९. सन्दर्भ पुस्तक पढेर समीक्षा गर्न<br>२०. लिखित सामग्रीलाई सम्पादन, पुनः सम्पादन र परिष्कार, पुनः परिष्कार गरी लेख्न<br>२१. विभिन्न विषयमा विवरणात्मक, वर्णनात्मक, तार्किक, विश्लेषणात्मक, समीक्षात्मक र समालोचनात्मक अभिव्यक्ति दिन |

## ४. (क) **विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरण** (कक्षा ९)

| क्र.सं. | विधा/क्षेत्र | बोध | अभिव्यक्ति | भाषिक संरचना र वर्णविन्यास | भाषिक प्रकार्य | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १. | कविता<br>(पद्य)<br>(प्रकृतिपरक) | १. लयबद्ध पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना, लय, अनुप्रास पहिचान<br>४. कविताको भावबोध<br>५. विषयवस्तुको अनुमान र कल्पना<br>६. सन्दर्भ र सन्देश बोध<br>७. लयको पहिचान<br>८. नेपाली अक्षरको पहिचान | १. व्याकरणिक पदक्रमअनुसार गद्यमा रूपान्तरण<br>२. विषयवस्तुमा आधारित अन्तरक्रिया<br>३. प्रश्नोत्तर र भाव विस्तार<br>४. भावार्थ लेखन<br>५. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना र प्रस्तुति<br>६. शब्दकोशको प्रयोग | १. नाम, सर्वनाम र विशेषण शब्दको पहिचान र प्रयोग<br>२. वर्णविन्यासको पहिचान र प्रयोग : ह्रस्व इकार (शब्दको सुरु, बिच र अन्त्य) | विनम्रता | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | कथा<br>(सामाजिक) | १. शब्द उच्चारण र अर्थबोध<br>२. सस्वर र मौन पठन<br>३. संरचना, घटना, संवाद, परिवेश र पात्र पहिचान<br>४. सन्देश बोध<br>५. सामाजिक/सांस्कृतिक विषयवस्तुको बोध<br>६. नेपाली अक्षरको पहिचान र प्रयोग<br>७. पाठमा प्रयुक्त उखान, टुक्का र अनुकरणात्मक शब्दको पहिचान र प्रयोग | १. चरित्र वर्णन र तुलना<br>२. घटनाक्रम टिपोट र मिलान<br>३. परिवेश वर्णन<br>४. प्रश्नोत्तर र व्याख्या<br>५. तार्किक र समीक्षात्मक लेखन<br>६. अनुकरणात्मक कथा लेखन<br>७. सम्बन्धित विधा वा विषयमा आधारित स्वतन्त्र रचना लेखन | १. धातुको पहिचान र प्रयोग<br>२. धातुको कृदन्त रूपको पहिचान<br>३. सकर्मक र अकर्मक क्रियाको पहिचान र प्रयोग<br>४. वर्णविन्यासको पहिचान र प्रयोग : दीर्घ ईकार<br>(शब्दको सुरु, बिच र अन्त्य) | तुलना | ११ |
| ३. | निबन्ध<br>(कृषि) | २. शब्द उच्चारण र अर्थबोध<br>१. सस्वर र द्रुत पठन<br>३. संरचना पहिचान<br>४. पाठगत सन्दर्भ र विषयवस्तु बोध<br>५. भाव बोध<br>६. पाठमा प्रयुक्त प्राविधिक/पारिभाषिक शब्द (कृषि) को पहिचान र प्रयोग | १. प्रश्नोत्तर र व्याख्यात्मक प्रस्तुति<br>२. समीक्षात्मक लेखन<br>३. विद्युतीय सञ्चार माध्यम र प्रकाशित रचनाको अध्ययनबाट विषयवस्तु र सन्देशको प्रस्तुति<br>४. वर्णनात्मक अनुच्छेद लेखन<br>५. बुँदा टिपोट र सारांश लेखन<br>६. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १. क्रियायोगी, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधको पहिचान र प्रयोग<br>२. वर्णविन्यासको पहिचान र प्रयोग : ह्रस्व उकार (शब्दको सुरु, बिच र अन्त्य) | कामप्रतिको प्रतिबद्धता | १० |
| ४. | व्यावहारिक लेखन<br>(निवेदन) | १. सस्वर पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना, ढाँचा र शैली पहिचान<br>४. पाठको विषयवस्तु बोध<br>५. सन्देश ग्रहण<br>६. शुभकामना, बधाई र श्रद्धाञ्जली तथा समवेदनाको संरचना बोध<br>७. आगन्तुक शब्द, सिङ्गो शब्द र सङ्क्षिप्त शब्दको पहिचान र | १. लेखन ढाँचा र शैली अनुकरण<br>२. प्रश्नोत्तर<br>३. इमेल, म्यासेन्जर, टेलिफोनबाट सन्देश प्रवाह<br>४. शुभकामना, बधाई र श्रद्धाञ्जली तथा समवेदना लेखन<br>५. सन्देशमूलक स्वतन्त्र रचना | १. तत्सम, तद्भव र आगन्तुक शब्दको पहिचान र प्रयोग<br>२. मूल र व्युत्पन्न शब्दको पहिचान र प्रयोग<br>३. वर्णविन्यासको पहिचान र प्रयोग : दीर्घ ऊकार<br>(शब्दको सुरु, बिच र अन्त्य) | स्वागत र आतिथ्य | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रयोग | | | | |
| ५. | जीवनी (राष्ट्रिय) | १. सस्वर र मौन पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना पहिचान<br>४. घटनाक्रम पहिचान<br>५. व्यक्तित्वको पहिचान<br>६. पुस्तकालयीय सामग्रीबाट विषयवस्तु बोध<br>७. सन्देश बोध<br>८. विपरीतार्थी शब्दको पहिचान र प्रयोग | १. घटनाक्रम मिलान<br>२. प्रश्नोत्तर र व्याख्या<br>३. व्यक्तिवृत्त लेखन<br>४. समीक्षात्मक लेखन<br>५. बुँदा टिपोट र सारांश लेखन<br>६. अनुकरणात्मक जीवनी लेखन<br>७. सम्बन्धित विधा वा विषयवस्तुमा<br>आधारित स्वतन्त्र रचना लेखन | १. उपसर्गद्वारा शब्द निर्माण (बद, ना, अधि, अनु, अभि, अति, अव, अप, उप, उत्, दुर्, दुस्, नि, निर्, परा, परि, प्र, प्रति, वि, सम्)<br>२. प्रत्ययद्वारा शब्द निर्माण (अक्कड, आइ, आउ, आली, आलु, आवट, आहा, इया, इलो, ई, एली, ओट, ली, ले, अक, अन, इक, ता, ति, य)<br>३. वर्णविन्यासको पहिचान र प्रयोग : चन्द्रबिन्दु र शिरबिन्दु | प्रेरणा | १० |
| ६. | संवाद (वाणिज्य/पर्यावरण) | १. सस्वर र मौन पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना, पात्र र घटना पहिचान<br>४. शैली पहिचान<br>५. पाठको विषयवस्तु बोध<br>६. सन्देश ग्रहण<br>७. वाणिज्य/पर्यावरण क्षेत्रका शब्दको अर्थ पहिचान<br>८. मौलिक र आगन्तुक शब्दको पहिचान र प्रयोग<br>९. श्रुतिसमभिन्नार्थी शब्दको पहिचान र प्रयोग | १. पाठगत परिवेशको लिखित तथा मौखिक वर्णन<br>२. प्रश्नोत्तर, तार्किक लेखन र विषयवस्तुमा आधारित व्याख्या<br>३. निर्देशित संवाद लेखन<br>४. विषयवस्तुको चित्रात्मक प्रस्तुति<br>५. सम्बन्धित विधा वा विषयवस्तुमा<br>आधारित स्वतन्त्र रचना | १. समस्त शब्दको पहिचान र प्रयोग<br>२. द्वित्व शब्दको पहिचान र प्रयोग<br>३. वर्णविन्यासको पहिचान र प्रयोग : पञ्चम वर्ण | निष्कर्ष पहिचान | ९ |
| ७. | कथा (लोक) | १. सस्वर पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना, घटना, संवाद, परिवेश र पात्र पहिचान<br>४. प्रश्न निर्माण र उत्तर पहिचान<br>५. कल्पनामा आधारित अनुमान र निष्कर्ष<br>६. सन्देश बोध | १. चरित्र वर्णन र तुलना<br>२. घटनाक्रम टिपोट र मिलान<br>३. परिवेश वर्णन<br>४. प्रश्नोत्तर र व्याख्या<br>५. सार लेखन<br>६ तार्किक र समीक्षात्मक लेखन<br>७.अनुकरणात्मक कथा लेखन<br>८. सम्बन्धित विधा वा विषयमा | १. कालको पहिचान र प्रयोग<br>२. सामान्य, अपूर्ण र पूर्ण पक्षको पहिचान र प्रयोग<br>३. अज्ञात पक्ष र अभ्यस्त पक्षको पहिचान र प्रयोग<br>४. वर्णविन्यासको पहिचान र प्रयोग : ब/व | समीक्षा | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ७. पाठमा प्रयुक्त उखान र टुक्काको पहिचान र प्रयोग | आधारित स्वतन्त्र रचना | | | |
| ८. | कविता (गीति) (देशप्रेम) | १. शब्द उच्चारण र शब्दार्थबोध<br>२. लयबद्ध पठन<br>३. संरचना पहिचान<br>४. प्रश्नोत्तर<br>५. विषयको क्रम, भाषा र अनुप्रासको पहिचान<br>६. पद्यांशको बोध<br>७. विषयवस्तुको बोध र धारणा निर्माण<br>८. भावबोध<br>९. सन्दर्भ र सन्देश बोध<br>१०. पर्यायवाची शब्दको पहिचान र प्रयोग<br>११. विपरीतार्थी शब्द र समान ध्वनियुक्त शब्दको पहिचान र प्रयोग | १. विषयवस्तुमा आधारित अन्तरक्रिया<br>२. गद्यमा रूपान्तर<br>३. संरचनाको अनुकरणात्मक लेखन<br>४. भाव विस्तार<br>५. सन्देश लेखन<br>६. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १. क्रियाको भाव वा अर्थको पहिचान र प्रयोग<br>२. पदक्रम<br>३. वर्णविन्यासको पहिचान र प्रयोग : हलन्त, अजन्त | स्नेह र प्रशंसा | १० |
| ९. | ीनयात्रा | १. सस्वर र द्रुत पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना पहिचान<br>४. सन्दर्भ बोध<br>५. पाठको विषयवस्तु बोध<br>६. सन्देश ग्रहण<br>७ प्रश्न निर्माण र उत्तर पहिचान<br>८. अनेकार्थी शब्दको पहिचान र प्रयोग | १. प्रश्नोत्तर र व्याख्या<br>२. विषयवस्तुको सार प्रस्तुत<br>३. समीक्षात्मक लेखन<br>४. विद्युतीय सञ्चार माध्यम र प्रकाशित रचनाको अध्ययनबाट विषयवस्तु र सन्देशको प्रस्तुति<br>५. निजात्मक अनुच्छेद लेखन<br>६. बुँदा टिपोट र सारांश लेखन<br>७. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १. संरचना र अर्थका आधारमा कारकको पहिचान र प्रयोग<br>२. विभक्तिको पहिचान र प्रयोग<br>३. उद्देश्य र विधेय पहिचान तथा यसको विस्तार<br>४. वर्णविन्यासको पहिचान र प्रयोग : य/ए | अपेक्षा र विश्वास | १० |
| १०. | वक्तृता | १. संरचना र शैली पहिचान<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. पाठको विषयवस्तु बोध<br>४. तार्किक धारणा निर्माण<br>५. सन्देश बोध | १. संवेगात्मक सचेततासहितको तर्क प्रस्तुति<br>२ लेखन ढाँचा र शैली अनुकरण<br>३. प्रश्नोत्तर<br>४. बुँदा टिपोट | १. लिङ्ग र आदर सङ्गति<br>२. लिङ्ग र आदरका आधारमा वाक्यान्तरण<br>३. पुरुष र वचन सङ्गति<br>४. पुरुष र वचनका आधारमा | नेतृत्व | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ६. दैनिकीको बोध<br>७. प्राविधिक/पारिभाषिक शब्दको पहिचान र प्रयोग | ५. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र लेखन<br>६. दैनिकी लेखन | वाक्यान्तरण<br>५. वर्णविन्यासको पहिचान र प्रयोग : श, ष, स | | |
| ११. | कथा (सामाजिक) | १. सस्वर र मौन पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना, घटना, संवाद, परिवेश र पात्र पहिचान<br>४. सन्देश बोध<br>५. सामाजिक/ सांस्कृतिक विषयबोध<br>६. पाठमा प्रयुक्त अनुकरणात्मक शब्दको पहिचान र प्रयोग | १. चरित्र वर्णन र तुलना<br>२. घटनाक्रम टिपोट र मिलान<br>३. परिवेश वर्णन<br>४. प्रश्नोत्तर र व्याख्या<br>५. तार्किक र समीक्षात्मक लेखन<br>६. अनुकरणात्मक कथा लेखन<br>७. सम्बन्धित विधा वा विषयमा आधारित स्वतन्त्र रचना | १. प्रेरणार्थक क्रिया<br>२. सामान्य वाक्य र प्रेरणार्थक वाक्य<br>३. लेख्य चिह्नको पहिचान र प्रयोग (पूर्णविराम, अल्पविराम, अर्धविराम, प्रश्नवाचक, उद्गार, कोष्ठक, निर्देशक र उद्धरण चिह्न)<br>४. वर्णविन्यासो पहिचान र प्रयोग : पदयोग | सान्त्वना र प्रोत्साहन | ११ |
| १२. | जीवनी (अन्तर्राष्ट्रिय) | १. सस्वर र मौन पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना र घटनाक्रम पहिचान<br>४. व्यक्तित्व पहिचान<br>५. पुस्तकालयीय सामग्रीबाट विषयवस्तु बोध<br>६. आगन्तुक शब्दको पहिचान र प्रयोग | १. घटनाक्रम मिलान<br>२. प्रश्नोत्तर र व्याख्या<br>३. समीक्षात्मक लेखन<br>४. बुँदा टिपोट र सारांश लेखन<br>५. व्यक्तिवृत लेखन<br>६. अनुकरणात्मक जीवनी लेखन<br>७. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १. सरल, संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोग<br>२. सङ्केतका आधारमा सरल, संयुक्त र मिश्र वाक्यमा परिवर्तन<br>३. वर्णविन्यासको पहिचान र प्रयोग : पदवियोग | व्यक्तिवृत्त मूल्याङ्कन | १० |
| १३. | व्यावहारिक लेखन (कार्यालयीय चिठी) | १. सस्वर पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना र शैली पहिचान<br>४. पाठको विषयवस्तु बोध<br>५. सन्देश ग्रहण<br>६. विद्युतीय सामग्रीबाट विषयवस्तु बोध<br>७. पर्यायवाची शब्दको पहिचान र प्रयोग | १. ढाँचा र शैली अनुकरण निवेदन लेखन<br>२. प्रत्युत्तर लेखन<br>३. प्रश्नोत्तर<br>४. निमन्त्रणाको नमुना लेखन<br>५. सूचना लेखन<br>६. टिप्पणी लेखन | १. वाक्य संश्लेषण र विश्लेषण<br>२. वर्णविन्यासको पहिचान र प्रयोग : छ्य/क्ष | शुभेच्छा | ८ |
| १४. | निबन्ध (संस्कृति) | १. सस्वर पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना पहिचान | १. प्रश्नोत्तर र व्याख्या<br>२. विषयवस्तुको सार प्रस्तुत<br>३. समीक्षात्मक लेखन | १ करण - अकरण क्रियापदको पहिचान र प्रयोग<br>२. सङ्केतका आधारमा करण- | अवस्था वर्णन | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ४. सन्दर्भ बोध<br>५. भावबोध<br>६. प्रश्न निर्माण र उत्तर पहिचान<br>७. पाठमा प्रयुक्त प्राविधिक/पारिभाषिक शब्दको पहिचान र प्रयोग (संस्कृति)<br>८. युग्म शब्दको पहिचान र प्रयोग | ४. विद्युतीय सञ्चार माध्यम र प्रकाशित रचनाको अध्ययनबाट विषयवस्तु र सन्देशको प्रस्तुति<br>५. सूचनामूलक अनुच्छेद लेखन<br>६. बुँदा टिपोट र सारांश लेखन<br>७. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | अकरण परिवर्तन<br>३. वर्णविन्यासको पहिचान र प्रयोग: ग्यँ/ज्ञ | | |
| १५. | गद्य कविता (समाज/श्रम) | १. लयबद्ध पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना, भाषा, लय बोध<br>४. विषयवस्तु बोध र धारणा निर्माण<br>५. विषयवस्तुको अनुमान तथा कल्पना<br>६. शब्दार्थ, सन्दर्भ र सन्देश बोध<br>७. विपरीतार्थी शब्दको पहिचान र प्रयोग | १. व्याकरणिक पदक्रममा रूपान्तरण<br>२. विषयवस्तुमा आधारित छलफल<br>३. प्रश्नोत्तर र भाव वर्णन<br>४. समीक्षात्मक लेखन<br>५. विद्युतीय सञ्चारमा उपलब्ध कवितात्मक सामग्रीको सङ्कलन र कक्षा प्रस्तुति<br>६. भावमय अनुच्छेद लेखन<br>७. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १. कर्तृवाच्य र भाववाच्यको पहिचान र प्रयोग<br>२. कर्तृवाच्य र भाववाच्यबिच वाक्यान्तरण<br>३. वर्णविन्यासको पहिचान र प्रयोग : रि/ऋ | परिकल्पना | १० |
| १६. | कथा (बालमनोविज्ञान) | १. सस्वर र मौन पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना, घटना, संवाद, परिवेश र पात्र पहिचान<br>४. पाठसँग सम्बन्धित ज्ञान र स्मरण<br>५. प्रश्न निर्माण र उत्तर पहिचान<br>६. कल्पनामा आधारित अनुमान र निष्कर्ष<br>७. सन्देश बोध<br>८. मानवीय र मानवेत्तर पात्रको संवेग बोध<br>९. पाठमा प्रयुक्त टुक्का र | १. चरित्र वर्णन र तुलना<br>२. घटनाक्रम टिपोट र मिलान<br>३. परिवेश वर्णन<br>४. संवेगात्मक प्रस्तुतिसहित मौखिक अन्तरक्रिया<br>५. प्रश्नोत्तर र व्याख्या<br>६. सार लेखन<br>७. तार्किक र समीक्षात्मक लेखन<br>८. अनुकरणात्मक कथा लेखन<br>९. सम्बन्धित विधा वा विषयमा आधारित स्वतन्त्र रचना | १. कर्मवाच्यको पहिचान र प्रयोग<br>२. कर्तृवाच्यबाट कर्म र भाव, कर्म र भाववाच्यबाट कर्तृवाच्यमा परिवर्तन<br>३. कृदन्त र तद्धितान्त शब्द तथा यसको निर्माण प्रक्रियाको पुनरावृत्ति<br>४. वर्णविन्यासको पहिचान र प्रयोग : ('र' का विभिन्न रूपको प्रयोग) | सोधपुछ | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अनुकरणात्मक शब्दको पहिचान र प्रयोग | | | | |

(ख) **विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरण** (कक्षा १०)

| क्र.सं. | विधा/क्षेत्र | बोध | अभिव्यक्ति | भाषिक संरचना र वर्णविन्यास | भषिक प्रकार्य | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १. | कविता<br>(पद्य)<br>(नीति चेतनामूलक) | १. लयबद्ध पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना र लय पहिचान<br>४. विषयवस्तुको क्रम, अनुप्रास युक्त, भाषाको बोध<br>५. विषयवस्तुको बोध र धारणा निर्माण<br>६. विषयवस्तुको अनुमान र कल्पना<br>७. सन्दर्भ, भाव र सन्देश बोध<br>८. उच्चार्य र लेख्य वर्ण पहिचान<br>९. छन्द बोध<br>१०. पर्यायवाची शब्द र विपरीतार्थी शब्दको पहिचान र प्रयोग | १. व्याकरणिक पदक्रमअनुसार<br>गद्यमा रूपान्तरण<br>२. विषयवस्तुमा आधारित छलफल<br>३. प्रश्नोत्तर र भाव विस्तार<br>४. सन्देश लेखन<br>५. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना र कक्षा प्रस्तुति | १. पदवर्गको पहिचान र प्रयोग<br>२. पदवर्ग विचलन<br>३. वर्णविन्यासको पहिचान र प्रयोग : ह्रस्व इकार<br>( सुरु, बिच र अन्त्य) | विनयशीलता | ११ |
| २. | कथा<br>(ऐतिहासिक/<br>पौराणिक) | १. सस्वर र मौन पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना, घटना, संवाद, परिवेश र<br>पात्र पहिचान<br>४. विषयवस्तुको बोध र सार प्रस्तुति<br>५. विषयवस्तुमा आधारित अनुमान र<br>निष्कर्ष | १. चरित्र वर्णन र तुलना<br>२. घटनाक्रम टिपोट र मिलान<br>३. परिवेश वर्णन<br>४. प्रश्नोत्तर र व्याख्या<br>५. सार लेखन<br>६. तार्किक र समीक्षात्मक लेखन<br>७. अनुकरणात्मक कथा लेखन | १. धातुको पहिचान र प्रयोग<br>२. धातुको कृदन्त रूपको पहिचान<br>३. सकर्मक र अकर्मक क्रियाको पहिचान र प्रयोग<br>४. वर्णविन्यासको पहिचान र प्रयोग : दीर्घ ईकार<br>( सुरु, बिच र अन्त्य) | आज्ञा वा आदेश | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ६. प्रश्न निर्माण र उत्तर पहिचान<br>७. सन्देश बोध<br>८. शब्दकोशको प्रयोग<br>९. पाठमा प्रयुक्त उखान, टुक्का र अनुकरणात्मक शब्दको पहिचान र प्रयोग | ८. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | | | |
| ३. | निबन्ध (वस्तुपरक चिकित्सा) | १. सस्वर र मौन पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना पहिचान<br>४. प्रश्न निर्माण र उत्तर पहिचान<br>५. सन्दर्भ बोध<br>६. पाठको विषयवस्तु र सन्देश बोध<br>७. पाठमा प्रयुक्त प्राविधिक/पारिभाषिक शब्दको पहिचान र प्रयोग (चिकित्सा) | १. प्रश्नोत्तर र व्याख्या<br>२. विषयवस्तुको सार प्रस्तुत<br>३. समीक्षात्मक लेखन<br>४. विद्युतीय सञ्चार माध्यम र प्रकाशित रचनाका अध्ययनबाट विषयवस्तुको प्रस्तुति<br>५. वस्तुपरक अनुच्छेद लेखन<br>६. बुँदा टिपोट र सारांश लेखन<br>७. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १. उपसर्गद्वारा शब्द निर्माण (अ, अन, कु, बि, गैर, बद, ना, अधि, अनु, अभि, अति, अव, अप, आ, उप, उत्, दुर्, दुस्, नि, निर्, परा, परि, प्र, प्रति, वि, सम्, सु)<br>२. कृदन्त र तद्धितान्त शब्दको पहिचान र प्रयोग<br>३. प्रत्ययद्वारा शब्द निर्माण (अक्कड, अत, अन्त, आइ, आइँ, आउ, आली, आलु, आवट, आहा, इयार, इया, इलो, ई, उवा, ए, एली, ती, ओ, ओट, ली, ले, अक, अन, अनीय, इक, इत, ईन, ता, तव्य, ति, त्व, मय, वान्, मान्, य)<br>४. वर्णविन्यासको पहिचान र प्रयोग : ह्रस्व उकार ( शब्दको सुरु, बिच र अन्त्य) | कारण र प्रभाव | १० |
| ४. | मनोवाद | १. सस्वर पठन र संवेगात्मक प्रस्तुति<br>२. शब्द उच्चारण र अर्थबोध | १. लेखन ढाँचा र शैली अनुकरण<br>२. प्रश्नोत्तर | १. समास र विग्रहको पहिचान र प्रयोग<br>२. द्वित्व शब्दको पहिचान र | अनुभूति | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३. संरचना र शैली पहिचान<br>४. घटना पहिचान र प्रयोग<br>५. पाठको विषयवस्तु बोध<br>६. सन्देश बोध<br>७. विज्ञापनको ढाँचाबोध<br>८. विभिन्न प्रकारका फारामको ढाँचा पहिचान<br>९. लघुतावाची शब्द र समूहवाचक शब्दको पहिचान र प्रयोग | ३. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र लेखन<br>४. विभिन्न प्रकारका फाराम लेखन<br>५. विज्ञापन लेखन<br>६. फाराम लेखन | प्रयोग<br>३. वर्णविन्यासको पहिचान र प्रयोग : दीर्घ ऊकार ( शब्दको सुरु, बिच र अन्त्य) | | |
| ५. | जीवनी<br>(राष्ट्रिय) | १. सस्वर र मौन पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना पहिचान<br>४. घटनाक्रम पहिचान<br>५. व्यक्तिवृत्त बोध<br>६. पुस्तकालयीय सामग्रीबाट थप विषयवस्तु बोध<br>७. लक्ष्य निर्धारण<br>८. सन्देश बोध<br>९. सिङ्गो शब्द र सङ्क्षिप्त शब्दको पहिचान र प्रयोग | १. घटनाक्रम टिपोट<br>२. प्रश्नोत्तर र व्याख्या<br>३. समीक्षात्मक लेखन<br>४. बुँदा टिपोट र सारांश लेखन<br>५. सार लेखन<br>६. व्यक्तिवृत्त लेखन<br>७. अनुकरणात्मक जीवनी लेखन<br>८. पाठक प्रतिक्रिया<br>९. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १. अर्थ र संरचनाका आधारमा कारकको पहिचान र प्रयोग<br>२. विभक्तिको पहिचान र प्रयोग<br>३. वर्णविन्यासको पहिचान र प्रयोग : छ्य/क्ष | अभिप्रेरणा | १० |
| ६. | वादविवाद | १. सस्वर पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना पहिचान<br>४. पाठको विषयवस्तुका आधारमा अनुमान<br>५. सार पहिचान<br>६. श्रुतिसमभिन्नार्थी शब्दको | १. विषयवस्तुमा आधारित अन्तरक्रिया<br>२. तार्किक अभिव्यक्तिको बुँदा टिपोट<br>३. विषयवस्तुको खण्डनमण्डन<br>४. छलफल र प्रश्नोत्तर | १. कालको पहिचान र प्रयोग<br>२. सामान्य, अपूर्ण र पूर्ण पक्षको पहिचान र प्रयोग<br>३. अज्ञात पक्ष र अभ्यस्त पक्षको पहिचान र प्रयोग | सम्प्रेषण | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पहिचान र प्रयोग | ५. ढाँचा र शैली अनुकरण गरी वादविवाद लेखन<br>६. निर्धारित शीर्षकमा वादविवाद लेखन<br>७. उद्घोषणको ढाँचा पहिचान र लेखन | ४. वर्णविन्यासको पहिचान र प्रयोग : पदयोग | | |
| ७. | कथा<br>(मनोवैज्ञानिक) | १. सस्वर र मौन पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना, घटना, परिवेशको पहिचान<br>४. पात्र पहिचान र तुलना<br>५. विषयवस्तुको बोध र सार प्रस्तुति<br>६. विषयवस्तुमा आधारित अनुमान र निष्कर्ष<br>७. सन्देश बोध<br>८. कथामा प्रयुक्त अनुकरणात्मक शब्दको पहिचान र प्रयोग<br>९. अनेकार्थी शब्दको पहिचान र प्रयोग | १. घटनाक्रम टिपोट<br>२. चरित्रको मानसिक अवस्थाको वर्णन र तुलना<br>३. पाठगत परिवेश वर्णन<br>४. प्रश्नोत्तर र व्याख्या<br>५. सार लेखन<br>६. तार्किक र समीक्षात्मक लेखन<br>७. अनुकरणात्मक कथा लेखन<br>८. सम्बन्धित विधा वा विषयमा आधारित स्वतन्त्र रचना | १. क्रियाको भावको पहिचान र प्रयोग<br>२. वर्णविन्यासको पहिचान र प्रयोग : पदवियोग | उत्सुकता | ११ |
| ८. | कविता<br>(गीति)<br>(श्रम/संस्कृति | १. लयबद्ध पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना पहिचान<br>४. गीति कविताको लयबोध<br>५. विषयवस्तुको बोध र धारणा निर्माण<br>६. गीति कविताको भावबोध<br>७. सन्दर्भ र सन्देश बोध<br>८. प्रश्ननिर्माण र उत्तर पहिचान<br>९. गीत र गजलको संरचना बोध | १. विषयवस्तुमा आधारित अन्तरक्रिया<br>२. प्रश्नोत्तर र भाव वर्णन<br>३. तार्किक तथा समीक्षात्मक लेखन<br>४. गीति कविता सङ्कलन र प्रस्तुति<br>५. संरचनाको अनुकरण<br>६. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित | १. उद्देश्य र विधेय पहिचान तथा यसको विस्तार<br>२. सरल र जटिल (संयुक्त र मिश्र) वाक्यको पहिचान<br>३. सरल, संयुक्त र मिश्र वाक्यको वाक्यान्तरण<br>४. वर्णविन्यासको पहिचान र प्रयोग : श, ष, स | सम्मान | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | १०. श, ष, स वर्ण प्रयोग भई बनेका<br>शब्दको पहिचान<br>११. समान ध्वनि र समान संरचनायुक्त शब्दको पहिचान र प्रयोग | स्वतन्त्र रचना | | | |
| ९. | निबन्ध<br>(आत्मपरक<br>कानुन/शिक्षा) | १. सस्वर र मौन पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना पहिचान<br>४. सन्दर्भ बोध<br>५. पाठको विषयवस्तु बोध<br>६. सन्देश बोध<br>७. पुस्तकालयीय सामग्रीबाट थप विषयवस्तु बोध<br>८. पाठमा प्रयुक्त प्राविधिक/पारिभाषिक शब्दको पहिचान र प्रयोग ( कानुन/शिक्षा) | १. प्रश्नोत्तर र व्याख्या<br>२. विद्युतीय सञ्चार माध्यम र प्रकाशित रचनाको अध्ययनबाट विषयवस्तु र सन्देशको प्रस्तुति<br>३. निजात्मक अनुच्छेद लेखन<br>४. बुँदा टिपोट र सारांश लेखन<br>५. समीक्षात्मक लेखन<br>६. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १. वाच्य (कर्तृ, कर्म र भाव) को पहिचान र प्रयोग<br>२. कर्तृवाच्यबाट कर्मवाच्य र कर्मवाच्यबाट कर्तृवाच्यमा परिवर्तन<br>३. कर्तृवाच्यबाट भाववाच्य र भाववाच्यबाट कर्तृवाच्यमा प्रयोग<br>४. वर्णविन्यासको पहिचान र प्रयोग : य/ए | दृष्टिकोण | १० |
| १०. | व्यावहारिक लेखन<br>(व्यावसायिक चिठी) | १. सस्वर पठन र विषयवस्तु बोध<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना, ढाँचा र शैली पहिचान<br>४. सन्देश बोध<br>५. मौलिक शब्दको पहिचान र प्रयोग | १. व्यावसायिक पत्रको ढाँचा र शैली अनुकरण<br>२. प्रत्युत्तर लेखन<br>३. विद्युतीय पत्रमार्फत सन्देश प्रवाह<br>४. निर्देशित पत्र रचना अभ्यास<br>५. सम्पादकलाई चिठी लेखन<br>६. समाचार लेखन र प्रस्तुति<br>७ घटना टिपोट र रिपोटिङ | १ करण - अकरण क्रियापदको पहिचान र प्रयोग<br>२. वर्णविन्यासको पहिचान र प्रयोग : ब/व | आह्वान | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. | कथा<br>(सामाजिक) | १. सस्वर र मौन पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना, घटना, परिवेशको पहिचान<br>४. पात्र पहिचान र तुलना<br>५. विषयवस्तुको बोध र सार प्रस्तुति<br>६. विषयवस्तुमा आधारित अनुमान र निष्कर्ष<br>७. सन्देश बोध<br>८. उखान र टुक्काको पहिचान र प्रयोग | १. घटनाक्रम टिपोट<br>२. चरित्र वर्णन र तुलना<br>३. परिवेश वर्णन<br>४. प्रश्नोत्तर र व्याख्या<br>५. सार लेखन<br>६. तार्किक र समीक्षात्मक लेखन<br>७. अनुकरणात्मक कथा लेखन<br>८. सम्बन्धित विधा वा विषयमा आधारित स्वतन्त्र रचना<br>९. अन्य कथाको समीक्षा | १. नाम धातुको पहिचान र प्रयोग<br>२. सामान्य वाक्य र प्रेरणार्थक वाक्यको पहिचान र प्रयोग<br>३. वर्णविन्यासको पहिचान र प्रयोग : रि/ऋ | सम्भावना | ११ |
| १२. | जीवनी<br>(अन्तर्राष्ट्रिय) | १. सस्वर र मौन पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना पहिचान<br>४. घटनाक्रम पहिचान<br>५. व्यक्तिवृत्त बोध<br>६. पुस्तकालयीय सामग्रीबाट थप विषयवस्तु बोध<br>७. लक्ष्य निर्धारण<br>८. सन्देश बोध<br>९. आगन्तुक शब्दको पहिचान र प्रयोग | १. घटनाक्रम टिपोट<br>२. प्रश्नोत्तर र व्याख्या<br>३. समीक्षात्मक लेखन<br>४. प्रेरणा प्रस्तुति<br>५. बुँदा टिपोट र सारांश लेखन<br>६. व्यक्तिवृत्त लेखन<br>७. अनुकरणात्मक जीवनी लेखन<br>८. खोज तथा परियोजनामा आधारित जीवनी लेखन | १. प्रत्यक्ष र अप्रत्यक्ष कथनको पहिचान र प्रयोग<br>२. उक्ति परिवर्तन<br>३. वर्णविन्यासको पहिचान र प्रयोग : ग्यँ/ज्ञ | उत्साह | १० |
| १३. | निबन्ध<br>(हास्यव्यङ्ग्य) | १. सस्वर र मौन पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना पहिचान<br>४. पाठको विषयवस्तु बोध<br>५. सन्दर्भ र सन्देश बोध<br>६. प्रश्न निर्माण र उत्तर पहिचान | १. विषयवस्तुको पहिचान<br>२. विषयवस्तुको सार प्रस्तुति<br>३. प्रश्नोत्तर र व्याख्या<br>४ समीक्षात्मक लेखन<br>५. विद्युतीय सञ्चार माध्यम र प्रकाशित रचनाको | १. पदसङ्गति (लिङ्ग, वचन, पुरुष, आदर) को पहिचान र प्रयोग<br>२. वर्णविन्यासको पहिचान र प्रयोग : हलन्त, अजन्त | व्यङ्ग्य | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ७. पाठमा प्रयुक्त हास्यव्यङ्ग्य शैली पहिचान<br>८. पाठमा प्रयुक्त प्राविधिक/पारिभाषिक<br>शब्दको पहिचान र प्रयोग<br>९. मौलिक शब्दको पहिचान र प्रयोग | अध्ययनबाट विषयवस्तु र सन्देशको प्रस्तुति<br>६. टिप्पणी लेखन<br>७. सारांश लेखन<br>८. हास्यव्यङ्ग्य शैलीमा स्वतन्त्र रचना | | | |
| १४. | एकाङ्की<br>(सांस्कृतिक/<br>सामाजिक) | १. सस्वर र मौन पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. पाठको विषयवस्तु बोध<br>४. संरचना, परिवेश, पात्र र घटना पहिचान<br>५. संवाद गठन र अभिनयात्मकताको बोध<br>६. सन्देश बोध<br>७. सामाजिक/सांस्कृतिक क्षेत्रका शब्दको<br>पहिचान र प्रयोग<br>८. विपरीतार्थी शब्दको पहिचान र प्रयोग | १. पाठको अभिनयात्मक प्रस्तुति<br>२. पात्रको भूमिका वर्णन र चरित्र चित्रण<br>३. घटना र परिवेश वर्णन<br>४. सन्देश प्रस्तुति<br>५. पात्रका संवेगात्मक अवस्थाको संवादात्मक प्रस्तुति<br>६. प्रश्नोत्तर र व्याख्या<br>७. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १. व्याकरणिक कोटिका आधारमा वाक्यान्तरण<br>२. वर्णविन्यासको पहिचान र प्रयोग :<br>चन्द्रबिन्दु/शिरबिन्दु | संवेग | ९ |
| १५. | कविता<br>(गद्य)<br>(समाज/<br>मानवमूल्य) | १. लयबद्ध पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना र लय पहिचान<br>४. विषयवस्तुको क्रम र भाषाको बोध<br>५. बोध र विषयवस्तुका बारेमा धारणा<br>निर्माण<br>६. विषयवस्तुको अनुमान र कल्पना<br>७. शब्दार्थ, सन्दर्भ र सन्देश बोध | १. व्याकरणिक पदक्रममा रूपान्तरण<br>२. विषयवस्तुमा आधारित अन्तरक्रिया<br>३. भाव र विचार वर्णन<br>४. सन्देश लेखन<br>५. प्रश्नोत्तर र व्याख्या<br>अनुकरणत्मक कविता लेखन<br>६. सम्बन्धित विधा र शैलीमा स्वतन्त्र रचना तथा | १. पदक्रम (व्याकरणिक र आलङ्कारिक) पहिचान र प्रयोग<br>२. वर्णविन्यासको पहिचान र प्रयोग : पञ्चम वर्ण | सद्भाव | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ८. प्रकृतिपरक विषयवस्तुको भावबोध<br>९. पञ्चम वर्ण प्रयोग भई बनेका शब्दको पहिचान<br>१०. युग्म शब्दको पहिचान र प्रयोग | प्रस्तुति | | | |
| १६. | कथा<br>(सामाजिक) | १. सस्वर र मौन पठन<br>२. शब्द उच्चारण र अर्थबोध<br>३. संरचना, घटना, परिवेश र पात्र पहिचान<br>४. विषयवस्तुमा आधारित अनुमान र निष्कर्ष<br>५. सन्देश बोध<br>६. प्रश्न निर्माण र उत्तर पहिचान<br>७. पाठमा प्रयुक्त उखान टुक्का पहिचान र प्रयोग<br>८. समावेशक र समावेश्य शब्द पहिचान र प्रयोग | १. घटनाक्रम टिपोट<br>२. चरित्र वर्णन र तुलना<br>३. परिवेश वर्णन<br>४. प्रश्नोत्तर र व्याख्या<br>५. सार लेखन<br>६. तार्किक र समीक्षात्मक लेखन<br>७. अनुकरणात्मक कथा लेखन<br>८. सम्बन्धित विधा वा विषयमा आधारित स्वतन्त्र रचना | १. वाक्य संश्लेषण र विश्लेषण<br>२. लेख्य चिह्नको पहिचान र प्रयोग<br>(पूर्णविराम, अल्पविराम, अर्धविराम, प्रश्नवाचक, उद्गार, कोष्ठक, निर्देश, उद्धरण चिह्न, विकल्पबोधक)<br>३. वर्णविन्यासको पहिचान र प्रयोग : 'र' का विभिन्न रूपको प्रयोग | समस्या समाधान | ११ |

## ५. सिकाइ सहजीकरण प्रक्रिया

निर्धारित सक्षमता र कक्षागत सिकाइ उपलब्धि हासिल गर्नका लागि शिक्षक र विद्यार्थीले विषयवस्तुमा आधारित भई गर्ने क्रियाकलाप सिकाइ सहजीकरण हो । भाषा शिक्षण विषयवस्तुका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपहरूको शिक्षण हो । पाठ्यक्रमले निर्देश गरेका विभिन्न विधागत क्षेत्रलाई श्रुतिबोध, शब्दोच्चारण, पठनबोध, मौखिक र लिखित अभिव्यक्ति, शब्दभण्डार, भाषातत्त्व र वर्णविन्यासको अभ्यासका लागि उपयोग गर्नुपर्छ । सिकाइ सहजीकरण भाषिक सिप, संरचना र शब्दभण्डारको हस्तान्तरणमा आधारित हुन्छ । विद्यार्थी केन्द्रित भएर गरिने भाषाको सिकाइ सहजीकरण व्यक्तिगत र सामूहिक अभ्यासमा आधारित हुन्छ । शिक्षकले विद्यार्थीलाई पर्याप्त अवसर उपलब्ध गराई अभिप्रेरणामूलक तथा सन्दर्भमा आधारित भई भाषिक क्रियाकलाप गर्नुपर्छ ।

सिकाइका सिद्धान्त र मनोवैज्ञानिक पक्ष अनुसरण गरी सिकाइ सहजीकरण गरिन्छ । विद्यार्थीमा भाषिक दक्षता वृद्धि गर्न र सिकाइप्रति अनुरागी बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ । भाषिक सिप सिकाइको प्रभावकारिता उत्प्रेरणात्मक सिकाइ सहजीकरण प्रक्रियामा निर्धारित हुन्छ । सिकाइ सहजीकरण प्रक्रिया छनोट गर्दा सक्षमता तथा सिकाइ उपलब्धिहरू, विषयवस्तुको स्वरूप, विद्यार्थी मनोविज्ञान, क्षमता र रुचि, स्रोत साधनको उपलब्धता, विद्यालय वातावरण र सिकाइ सहजीकरण अवस्था जस्ता पक्षमा ध्यान दिनुपर्छ । भाषा सिकाइ प्रक्रियाको प्रभावकारिता र उपलब्धि सिकाइ क्रियाकलापहरूद्वारा निर्धारित हुन्छन् । यी क्रियाकलापको निर्माण र प्रयोगबाट नै शिक्षकले आफ्नो कौशल प्रदर्शन गर्न, सिप हस्तान्तरण गर्न र पाठ्यक्रमको सही कार्यान्वयन गर्न सक्छन् । यसका लागि देहायबमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नुपर्छ :

### (क) भाषिक सिपहरूमा आधारित क्रियाकलाप

सुनाइ सिपअन्तर्गत वर्ण र वाक्य विभेदीकरण, लयबोध, श्रुतिलेख, श्रुति रचना, सुनाइका आधारमा बुँदा टिपोट, श्रुतिबोध, पाठको सुनाइका आधारमा प्रश्न निर्माण, अनुमान, वस्तु वा घटना वर्णन जस्ता क्रियाकलाप गराउनुपर्दछ । त्यस्तै बोलाइ सिपअन्तर्गत अन्तर्गत कुराकानी, छलफल, प्रश्नोत्तर, वस्तु वर्णन, कथा कथन, घटना वर्णन, वादविवाद, वक्तृता, अभिनय र नाटकीकरण जस्ता क्रियाकलाप गराउनुपर्दछ । पढाइ सिपअन्तर्गत सस्वर र मौन पठन, पठन गतिको मापन, शब्दार्थ बोध तथा पठन बोधअन्तर्गत प्रश्नोत्तर, अनुमान, संरचना वर्णन, सारांश, प्रश्नको निर्माण, घटना वर्णन र मिलान जस्ता क्रियाकलाप गराउनुपर्दछ । लेखाइ सिपअन्तर्गत अनुलेखन, श्रुतिलेखन, अनुभव वर्णन, वस्तु तथा घटनाको वर्णन, यात्रा वर्णन, प्रश्नोत्तर लेखन, बुँदा टिपोट, भाव विस्तार वा व्याख्या, सारांश लेखन, अनुच्छेद लेखन, निबन्ध लेखन, प्रतिवेदन लेखन, संवाद लेखन, विभिन्न विषय क्षेत्रका व्यावहारिक लेखन र विभिन्न विधामा सिर्जनात्मक लेखनलगायतका क्रियाकलाप गराउनुपर्दछ ।

### (ख) विधाका माध्यमबाट सिपहरूको शिक्षण

(अ) **आख्यानात्मक पाठ** : कथा शिक्षणको उद्देश्य विद्यार्थीहरूमा कथनात्मक अभिव्यक्ति सिपको विकास गर्नु हो । आख्यानात्मक पाठ भाषा शिक्षणका साधन हुन् । नेपाली भाषा पाठ्यक्रममा यिनलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइका माध्यमका रूपमा राखिएको छ । आख्यानात्मक पाठको शिक्षणमा कथाश्रवण, कथाकथन, संरचना पहिचान, कथा निर्माण, सस्वर तथा मौन पठन, संरचना पहिचान, पठन बोध, प्रश्नोत्तर, चरित्र चित्रण र पात्र तुलना, बुँदा टिपोट, व्याख्या, सारांश, घटनाक्रम मिलान, कथा सार, नयाँ शब्दको उच्चारण, अर्थ बोध र प्रयोग, अनुलेखन, श्रुति लेखन र सिर्जनात्मक लेखन जस्ता क्रियाकलाप गराउनुपर्दछ ।

(आ) **लयबद्ध पाठ** : लयबद्ध पाठको मुख्य प्रयोजन लयबोध, भावबोध, उच्चारण सिपको विकास गराउनु हो । यसमा लययुक्त सस्वरवाचन, संरचना पहिचान, भाव पहिचान, प्रश्नोत्तर, सारांश, भावार्थ, गद्य रूपान्तरण, प्रश्न निर्माण, सन्देश ग्रहण, अर्थबोध र प्रयोग एवम् भाव विस्तारसँग सम्बन्धित क्रियाकलाप गराउनुपर्छ । आवश्यकतानुसार विद्यार्थीलाई अनुकरणात्मक र सिर्जनात्मक लेखनतर्फ अनुरागी बनाउनुपर्छ ।

(इ) **जीवनीपरक पाठ** : जीवनी शिक्षणको मुख्य प्रयोजन भाषाको मौखिक तथा लिखित बोध तथा अभिव्यक्ति क्षमताको विकास गराउनु हो । व्यक्तिवृत्त वर्णन गर्ने सिपको विकास गराई सस्वर तथा मौन पठन, पठन बोध, प्रश्नोत्तर, बुँदा टिपोट, व्याख्या, सारांश, घटनाक्रम मिलान, नयाँ शब्दको उच्चारण, अर्थ बोध र प्रयोग, अनुलेखन, श्रुति लेखन, अनुकरणत्मक र स्वतन्त्र लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ ।

(ई) **निबन्धात्मक पाठ** : निबन्ध शिक्षणको मुख्य उद्देश्य विद्यार्थीमा गद्यात्मक अभिव्यक्ति बोध क्षमता र गद्यात्मक लिखित अभिव्यक्ति क्षमता विकास गर्नु हो । निबन्धमा आधारित भएर भाषिक सिप विकासको अभ्यास गराउँदा सस्वर तथा मौन पठन, संरचना पहिचान, पठन बोध, प्रश्नोत्तर, छलफल र व्याख्या आदिको उपयोग गर्नुपर्छ । यसका साथै बुँदा टिपोट, व्याख्या, सारांश, प्रश्न निर्माण, शब्दको उच्चारण, अर्थबोध र प्रयोग, अनुलेखन, श्रुतिलेखन र स्वतन्त्र लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ ।

(उ) **रूपक पाठ** : रूपक पाठको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता विकास गराउनु हो । यसको शिक्षण गर्दा निर्दिष्ट संवाद, वादविवाद, वक्तृतालाई परिस्थिति, पात्र र भावानुकूल वाचन अभिनय र भूमिका निर्वाहको अभ्यास गराउनुपर्छ । कथ्य अभिव्यक्ति क्षमताका मूल घटक हाउभाउ, स्वरको आरोह अवरोह, आघात, गति, यतिको ख्याल गर्नुपर्छ । यस्ता पाठको अभ्यास गराउँदा सस्वर तथा मौन पठन, संरचना पहिचान, शब्दको उच्चारण, अर्थबोध र प्रयोग, प्रश्न निर्माण, प्रश्नोत्तर, कुराकानी, भाव पहिचान, संवादपूर्ति, श्रुति लेखन र स्वतन्त्र लेखन, संवाद, वादविवाद, वक्तृताको अनुकरण लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ ।

(ऊ) **व्यावहारिक लेखन** : व्यावहारिक लेखन लेख्य क्रियाकलाप भएकाले यसअन्तर्गत चिठी, निवेदन, निमन्त्रणा, विज्ञापन, समवेदना, बधाई, भरपाई आदि लेखनको अभ्यास गराउनुपर्छ । व्यवहारिक लेखनको शिक्षण गर्दा दिइएको व्यावहारिक लेखनलाई नमुनाका रूपमा उपयोग गरी तिनको संरचना, ढाँचा र शैलीसमेतको अभ्यास गराउनुपर्छ । यसका साथै प्रश्न निर्माण, शब्दको उच्चारण, अर्थबोध र प्रयोग, प्रत्युत्तर लेखन, अनुकरण र स्वतन्त्र व्यावहारिक लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ ।

(ऋ) **भाषिक संरचना** : भाषिक संरचनाको मुख्य प्रयोजन बालबालिकालाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गराउनु हो । भाषिक संरचनालाई पाठसँग जोडेर सहजीकरण क्रियाकलाप गराउनुपर्दछ । उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठभित्रैबाट नियमको खोजी गर्ने उत्सुकता जगाउनुपर्छ । व्याकरण, वर्णविन्यास र लेख्य चिह्नको सिकाइ सहजीकरण गर्दा रचना र प्रयोगका माध्यमबाट गर्नु उपयुक्त हुन्छ । भाषा सदैव सन्दर्भमा मात्र सार्थक हुने र सन्दर्भ रचना, पाठ वा सङ्कथनबाट मात्र प्रस्तुत हुने हुँदा उपयुक्त किसिमका भाषिक संरचनालाई स्वतन्त्र रूपमा नभई पाठ वा रचनाका आधारमा शिक्षण र सोही आधारमा मूल्याङ्कन गर्नुपर्छ ।

(ए) **शब्दभण्डार** : भाषाको महत्त्वपूर्ण घटक शब्दभण्डार हो । यसअन्तर्गत शब्द उच्चारण, अर्थबोध र प्रयोगसँग सान्दर्भिक क्रियाकलाप गराउनुपर्छ । पाठमा प्रयुक्त शब्दलाई केन्द्रबिन्दु मानी विभिन्न विषयक्षेत्रका शब्दभण्डारको विकास गराउने दृष्टिकोण यसमा राखिएको छ । त्यसैले शब्दका विभिन्न अर्थ सम्बन्ध र सन्दर्भपूर्ण प्रयोगमा जोड दिनुपर्छ ।

(ग) **बहुबौद्धिकता** : यसमा विद्यार्थीका रुचि, इच्छा र चाहनालाई ध्यान दिई शिक्षण सिकाइ गरिन्छ । विद्यार्थीमा रहेका भाषिक, तार्किक, दृश्यात्मक, शारीरिक गतिबोधक, साङ्गीतिक, आन्तरिक, अन्तरवैयक्तिक, प्राकृतिकलगायतका बौद्धिकताका आधारमा क्रियाकलाप र सामग्री तयार पारी भाषाको शिक्षण गरिन्छ । यो सिकाइ योजनामा आधारित सिकाइ हो र व्यक्तिगत र सहकार्यात्मक सिकाइमा यसको जोड रहन्छ ।

(घ) **समालोचनात्मक चिन्तन** : भाषा शिक्षणका साधनका रूपमा रहेका पाठ वा विधा सामाजिक र सांस्कृतिक पाठहरू हुन् । यी पाठका माध्यमबाट विद्यार्थीमा समालोचनात्मक सिकाइको विकास गर्नु अनिवार्य हुन्छ । सुनाइ र पढाइबाट विचार निर्माण हुनु, तिनलाई व्यक्त गर्ने सिप विकास हुनु, विश्लेषण क्षमता, प्रतिबिम्बात्मक सिकाइ, प्रतिक्रिया तथा दृष्टिकोणलाई मौखिक र लिखित रूपमा व्यक्त गर्नु, उद्देश्य निर्माण, सूचना सङ्कलन, सफलताका तत्त्वहरूको मूल्याङ्कन गर्न सक्नु, सिर्जना, सम्पादन, सार लेखन, सङ्गठन, संश्लेषण र योजना निर्माण गर्नु सम्मका क्रियाकलाप समालोचनात्मक सिप भएकाले सिकाइ सहजीकरणमा यी प्रक्रियालाई पनि सिकाइकै अङ्गका रूपमा उपयोग गनुपर्दछ ।

(ङ) **सहकार्यात्मक (व्यक्ति र समूह कार्य )** : व्यक्तिगत सक्रियतामा सिकाइ निर्भर गर्दछ । सिकाइ उपलब्धिमा आधारित सिकाइ तथा समस्यामा आधारित सिकाइका माध्यमबाट विद्यार्थी केन्द्रित सिकाइ प्रक्रियालाई कक्षामा आवश्यकताअनुसार प्रयोग गर्नुपर्छ । यसका लागि समूह र व्यक्तिगत कार्यहरू दिने, प्रस्तुतीकरण गर्न लगाउने, आवश्यकताअनुसार शिक्षकले सहयोग गर्ने, सिकाइ उपलब्धिमा आधारित भएर सुनाइ, बोलाइ, पढाइ र लेखाइको अभ्यास गराउने गर्नुपर्छ । यसका अतिरिक्त भाषिक खेल, छलफल, भाषिक खेल, अन्तरक्रिया, परियोजना कार्य, टिपोट लेखन, दैनिकी लेखनलगायतका कार्य गराएरसमेत विद्यार्थी केन्द्रित शिक्षण गर्नुपर्दछ । आवश्यकतानुसार "म गर्छु, हामी गरौँ, तिमी गर" को सिकाइ रणनीति उपयोग गरी सहकार्यात्मक भाषिक क्रियाकलाप गराउनुपर्छ ।

शिक्षकले आफ्नो शिक्षण कौशल प्रदर्शन गर्न, विद्यार्थीमा अपेक्षित भाषिक सिप विकास गर्न र पाठ्यक्रमको सही कार्यान्वयन गर्न निम्नानुसारका सहजीकरण प्रक्रियाहरू पनि उपयोग गर्न सक्छन् :

(अ) प्रस्तुतीकरण : सिकाइ सामग्रीलाई कक्षामा प्रथम पटक प्रस्तुत गर्नु प्रस्तुतीकरण हो । यसमा नयाँ शब्द, व्याकरणिक एकाइ, कार्यमूलक भाषिक एकाइ, सुनाइ, बोलाइ, पढाइ र लेखाइ सामग्री वा त्यसका नमुना पाठ आदिको प्रस्तुतीकरण गरिन्छ । प्रस्तुतीकरणका लागि उदाहरण प्रस्तुत गर्दा विद्यार्थीको अनुभव, परिवेश, पाठ्यपुस्तकलगायतका सामग्रीलाई उपयोग गर्नुपर्छ ।

(आ) अभ्यास : यसमा पहिले प्रस्तुतीकरण गरिएका सामग्रीहरूका बारेमा अभ्यास गर्न लगाइन्छ र उनीहरूको भाषिक क्षमता र सम्प्रेषणको विकासका लागि विभिन्न कार्यहरू दिइन्छ । भाषा शिक्षणमा विद्यार्थीलाई नियन्त्रित र निश्चित सन्दर्भमा आधारित भएर पर्याप्त अभ्यास गराउनुपर्छ । यसले उनीहरूमा नयाँ भाषिक एकाइको प्रयोगमा आत्मविश्वास बढाउँछ ।

(इ) उत्पादन : उत्पादन विद्यार्थी केन्द्रित क्रियाकलाप हो । यस क्रियाकलापमा विद्यार्थी स्वतन्त्र रूपमा नै भाषिक एकाइको उत्पादन गर्न सक्षम हुन्छ । सुरुमा शिक्षकको सहयोगमा र पछि स्वतन्त्र किसिमले भाषाका विभिन्न रूपहरूको उत्पादन हुने हुँदा स्वतन्त्र भाषा सिकाइका रूपमा यस चरणलाई लिइन्छ । यस चरणमा शिक्षकले भाषिक खेल, भूमिका अभिनय, पूर्ण शारीरिक क्रिया, सङ्कथन निर्माण, छलफल र अन्तरक्रिया, सूचना सम्प्रेषण, निष्कर्षण, सारांश, पठनबोध प्रश्नोत्तर, स्वतन्त्र लेखन जस्ता कार्यका आधारमा विद्यार्थीको सक्षमताको परीक्षण गर्नुपर्दछ ।

(च) **सोधपुछ तथा प्रश्नोत्तर** : यस सहजीकरण प्रक्रियामा शीर्षक तथा सन्दर्भका आधारमा पूर्वानुमान, कथ्य भाषाको उपयोग, श्रव्यदृश्य सामग्रीको प्रयोग, कुराकानी, छलफल र निष्कर्ष जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यस विधिलाई सुनाइ तथा बोलाइ सिप सिकाइमा प्रयोग गर्नुपर्छ । यसमा नमुना प्रदर्शन र सहअभ्यास, तथ्य, तथ्याङ्क, पात्र, घटना, सन्दर्भ, परिवेश, अनुमानलगायतका विषयक्षेत्रमा आधारित प्रश्न र उत्तर निर्माण तथा प्रयोग, व्यक्तिगत तथा सामूहिक धारणा वा निष्कर्ष निर्माण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ ।

(छ) **पूर्ण शारीरिक क्रिया/अभिनय** : संवेगात्मक भावलाई ख्याल गरी शरीरका अङ्ग गतिशील बनाएर सन्दर्भअनुसार प्रयोग गर्नु पूर्ण शारीरिक क्रिया वा अभिनय हो । यस सहजीकरण प्रक्रियामा योजना निर्माण (उद्घोषण, भूमिका अभिनय), विषयक्षेत्र, शीर्षक, नाटक, पात्र, घटनाको छनोट, व्यक्तिगत वा सामूहिक प्रस्तुति, भाषाशैलीको छनोट तथा उपयोग, छलफल, मूल्याङ्कन र पृष्ठपोषण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ ।

(ज) **स्वाध्याय र छलफल** : यसअन्तर्गत सामग्री छनोट, अध्ययन, धारणा वा विचार निर्माण, सन्दर्भगत उपयोग जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई पढाइ, लेखाइ, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । यसलाई स्वपठन, युगल पठन र समूह पठन गरी छलफल गर्नुपर्छ । यसका क्रममा कथा सुन्ने, भन्ने तथा लयात्मक शब्दबोध, पात्र, घटना,

कार्यको बोध, सार निर्माण, पुनर्कथन, पात्र परिवर्तनबाट नयाँ पाठ निर्माणको अभ्यास गर्ने जस्ता भाषिक क्रियाकलाप गनुपर्छ। यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ।

(झ) **प्रयोगात्मक तथा खोज कार्य** : यो क्रियाकलाप विद्यार्थीको सिर्जनात्मक क्षमता विकाससँग सम्बन्धित छ। ज्ञान र सिपलाई विद्यार्थीको धारणा, अनुभव, अनुभूति र आवश्यकताअनुसार प्रयोग गर्ने स्वतन्त्र क्रियाकलाप नै प्रयोगात्मक कार्य हो। यस क्रियाकलापमा विद्यार्थीले विभिन्न शैलीमा निबन्ध, संवाद, कथा, कविता आदिको लेखन लगायत विभिन्न प्रकारका सङ्कथनको निर्माण गर्दछन्। यसअन्तर्गत भाषिक तथा सञ्चारगत समस्या वा प्रश्नको प्रस्तुति, खोजकार्य वा तरिकाबारे छलफल, निर्देशित वा स्वतन्त्र रूपमा विद्यार्थीद्वारा खोज, स्थलगत अवलोकन र प्रस्तुति, छलफल र पृष्ठपोषण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ। यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ।

उपयुक्त सिकाइ सहजीकरण गर्दा पहिलो तथा दोस्रोभाषी विद्यार्थीको सिकाइ गति, स्तर र भाषिक अभ्यासमा सहजताका लागि विभिन्न सान्दर्भिक विधिको छनोट तथा उपयोग गर्नुपर्छ।

## ६. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

मूल्याङ्कनका माध्यमबाट विद्यार्थीले भाषा सिकाइका क्रममा प्राप्त गरेका ज्ञान, सिप र अभिवृद्धिको लेखाजोखा गरिन्छ। सिकाइ सहजीकरणका क्रममा विद्यार्थी मूल्याङ्कन निरन्तर चलिरहने प्रक्रिया हो। विद्यार्थी मूल्याङ्कनमा आन्तरिक र बाह्रय दुवै किसिमका प्रक्रिया अवलम्बन गर्नुपर्छ। मूल्याङ्कनले मूलतः विद्यार्थीको भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ), भाषिक संरचना र शब्दभण्डारको सिकाइ उपलब्धि स्तरलाई देखाउँछ।

आन्तरिक मूल्याङ्कनलाई सिकाइ सहजीकरण प्रक्रियाका क्रममा उपयोग गर्नुपर्छ। यसको मुख्य उद्देश्य विद्यार्थीका सिकाइ समस्यालाई समयमै पत्ता लगाई सिकाइमा सुधार ल्याउनु हो। विद्यार्थीका व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा आन्तरिक मूल्याङ्कन प्रक्रिया सञ्चालन गर्नुपर्छ। आन्तरिक मूल्याङ्कनमा कक्षाकार्य, गृहकार्य, व्यक्तिगत तथा समूहकार्य, प्रयोगात्मक कार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य, भाषिक सिपसम्बद्ध सह/अतिरिक्त क्रियाकलाप, अभिभावक सम्पर्क, घटनावृत्त अभिलेख, विद्युतीय सञ्चार माध्यमबाट उपयुक्त सामग्रीको सङ्कलन र प्रस्तुति जस्ता विभिन्न साधनहरूलाई उपयोग गर्न सकिन्छ। यसबाट प्राप्त नतिजालाई अभिलेखीकरण गरी अभिभावकलाई सोको जानकारी गराउनुपर्छ। आन्तरिक मूल्याङ्कनलाई आन्तरिक मूल्याङ्कनसँग अन्तरसम्बन्धित गराउनुपर्छ।

प्रत्येक शैक्षिक सत्रका अन्त्यमा अन्तिम परीक्षामार्फत बाह्रय मूल्याङ्कन गर्नुपर्छ। बाह्रय मूल्याङ्कनबाट विद्यार्थीको पढाइ र लेखाइको उपलब्धि स्तर निर्धारण गरिन्छ। बाह्रय मूल्याङ्कन गर्दा आन्तरिक मूल्याङ्कनको नतिजालाई समेत आधार मानेर स्तर निर्धारण र कक्षोन्नति गरिन्छ। बाह्रय मूल्याङ्कनका लागि आन्तरिक मूल्याङ्कन मूल्याङ्कनबाट २५% र बाह्य मूल्याङ्कनबाट ७५% अङ्क भार निर्धारण गरिएको छ। मूल्याङ्कन प्रक्रियाको विस्तृत ढाँचा निम्नानुसार हुने छ

### (क) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनको २५% अङ्क भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ। आन्तरिक मूल्याङ्कनलाई अभिलेखीकरण गर्नुपर्छ। प्रत्येक विद्यार्थीको कार्यसञ्चयिकालाई अद्यावधिक गरी व्यवस्थापन गर्नुपर्छ। निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| क्र.स | मूल्याङ्कनका क्षेत्र | अङ्क भार |
|---|---|---|
| १. | उपस्थिति र कक्षा सहभागिता | ३ |
| २. | परियोजना कार्य र सिर्जनात्मक कार्य र प्रस्तुति | ६ |
| ३ | सुनाइ र बोलाइ | १० |
| ४. | त्रैमासिक परीक्षा | ६ |
| | **जम्मा** | **२५** |

उल्लिखित तालिकाका नं. १ देखि ३ सम्मका क्षेत्रगत क्रियाकलाप नियमित सिकाइ सहजीकरणकै क्रममा गराउनुपर्छ। उक्त क्रियाकलापलाई आन्तरिक मूल्याङ्कनसँग अन्तरसम्बन्धित गरी त्यसको अभिलेख पनि राख्नुपर्ने छ। उक्त

अभिलेखलाई नं ४ को क्रियाकलापसँगै बाह्रय मूल्याङ्कनमा समेत उपयोग गर्नुपर्ने छ।

**उल्लिखित कार्य गर्दा शिक्षकले निम्नानुसारका कार्य र तिनको विस्तृतीकरणलाई उपयोग गर्न सक्नुहुने छ :**

| | | | |
|---|---|---|---|
| **१. कक्षा सहभागिता** | | | |
| (क) | सहभागिता | उपस्थिति र कक्षा सहभागिता | विद्यार्थीको दैनिक हाजिरी अभिलेख र कक्षागत सिकाइ सहभागिता |
| **२. सिर्जना/परियोजना कार्य** | | | |
| (क) | सिर्जना/परियोजना कार्य | परियोजना कार्य र सिर्जनात्मक कार्य तथा र प्रस्तुति | भाषिक सिप विकास सम्बद्ध लिखित तथा मौखिक प्रस्तुति, निर्देशनमा आधारित वा स्वतन्त्र रचना |
| **३. सुनाइ र बोलाइ** | | | |
| (क) | सुनाइ र बोलाइ | (क) श्रुतिबोध/लेखन र सुनाइ पाठमा आधारित लेखन | श्रुतिलेखन, सुनाइका आधारमा प्रश्नोत्तर, शब्दबोध, अर्थबोध, सन्दर्भबोध |
| | | | सुनाइ पाठमा भएका पाठ्यसामग्री सुनाइका आधारमा प्रश्नोत्तर लेखन |
| | | (ख) मौखिक प्रतिक्रिया तथा वर्णन | कुनै सान्दर्भिक विषयवस्तु वा चित्र दिई स्पष्टता, शैली, भाषिक स्तर, शुद्धोच्चारण, गति, यति, लय र हाउभाउसहित मौखिक प्रतिक्रिया तथा वर्णन |
| | | | कथाकथन, घटना, पात्र र परिवेशको वर्णन |
| | | | निर्दिष्ट भाषिक प्रकार्यमा आधारित संवाद, मौखिक वर्णन र प्रतिक्रिया |

**(ख) बाह्य मूल्याङ्कन**

| **क्र.स.** | **क्षेत्र** | **परीक्षण गर्ने पक्ष** | **अङ्कभार** |
|---|---|---|---|
| १. | शब्दभण्डार | शब्दार्थ पहिचान | २ |
| | | शब्द पहिचान | २ |
| | | वाक्यमा प्रयोग | २ |
| २. | वर्णविन्यास | शुद्ध शब्द पहिचान र वाक्य सम्पादन | ३ |
| ३. | भाषिक संरचना | पदवर्ग पहिचान | ३ |
| | | शब्दनिर्माण | ४ |
| | | काल र पक्ष | २ |
| | | भाव र अर्थ | २ |
| | | वाक्यान्तरण | ४ |

| | | | |
|---|---|---|---|
| ४. | पठनबोध दृष्टांश | भाषिक संरचना पहिचान | ४ |
| | | बोध प्रश्नोत्तर | ५ |
| ५. | निर्देशित रचना | बुँदाका आधारमा कथा/जीवनी, संवाद, वादविवाद, मनोवाद | ४ |
| ६. | व्यावहारिक लेखन | चिठी/निवेदन, निमन्त्रणा/ टिप्पणी/ शुभकामना/ समवेदना/ विज्ञापन | ४ |
| ७. | बुँदा टिपोट र सारांश लेखन ( दृष्टांश) | पाठ्यपुस्तकमा प्रयुक्त गद्य विधाका अनुच्छेद | ४ |
| ८. | पाठगत बोध | पाठ्यपुस्तकमा प्रयुक्त कथा, कविता, जीवनी, निबन्ध, एकाङ्की, वादविवाद, मनोवाद विधाबाट सन्दर्भमा आधारित बोध प्रश्नका उत्तर | ८ |
| | | पाठ्यपुस्तकमा प्रयुक्त विधागत पाठका शीर्षक/चारित्रिक विशेषता/सन्दर्भ/ परिवेश/समस्या समाधानमा आधारित तार्किक उत्तर | ४ |
| ९. | भावविस्तार/व्याख्या | कथा, कविता, जीवनी, निबन्ध, एकाङ्कीका पङ्क्तिबाट भावविस्तार/व्याख्या लेखन | ४ |
| १०. | समीक्षात्मक उत्तर | पाठ्यपुस्तकमा प्रयुक्त कथा, कविता, जीवनी, निबन्ध, एकाङ्की विधाबाट सन्दर्भमा आधारित समीक्षात्मक उत्तर | ७ |
| ११. | निबन्ध लेखन | निबन्ध | ७ |
| **जम्मा** | | **७५** | |